# INTERNATIONAL COMMISSION OF JURISTS

Commission internationale de juristes - Comisión Internacional de Juristas

*" dedicated since 1952 to the primacy, coherence and implementation of international law and principles that advance human rights "*


**COMMUNIQUE DE PRESSE – COMUNICADO DE PRENSA**

P R E S S R E L E A S E

## नेपाल : दण्डहीनता विरूद्ध लड्ने प्रतिवद्धता पुरा गर्न सरकार असफल

२८ अक्टोबर २०१०

सन् २००३-०४, जुन समयावधिलाई बलपूर्वक बेपत्ता, यातना तथा दुर्व्यवहारका व्यवस्थित अभ्यास घटाइएको अवधिका रूपमा आरोप लाग्ने गरेको छ, सो ताका नेपाली सेनाको भैरवनाथ गणको कमाण्ड सम्हालेका महासेनानी राजु बस्नेतको पदावधी थप्ने आफ्नो निर्णयलाई फिर्ता लिन इन्टरनेशनल कमिसन अफ जुरिष्ट्स (आईसिजे) ले आज नेपाल सरकार समक्ष आग्रह गरेको छ ।

दण्डहीनता विरूद्ध लड्ने कुराको असफलतालाई अर्थपूर्ण ढङ्गले सम्बोधन गर्न आईसिजे संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद तथा अन्य प्रमुख अन्तर्राष्ट्रिय निकाय समेतलाई आव्हान गर्दछ । यस सन्दर्भमा मानव अधिकार परिषदले सन् २०११ को जनवरीमा जेनेभामा आयोजना हुने विश्वव्यापी आवधिक समिक्षा (युपिआर) को भावी सत्र जस अन्तर्गत मानव अधिकार सम्बन्धी दायित्वको अनुपालन सम्बन्धमा नेपालको समिक्षा हुन गैरहेको छ सो अवसरलाई उपयोग गर्नैपर्दछ ।
“सरकारको पछिल्लो कार्यले नेपालमा विद्यमान दण्डहीनताको दुइवटा पाटोलाई संकेत गर्दछ,” आईसिजे नेपालका प्रतिनिधि डगलस मेकक्रे भन्नुहुन्छ । “पहिलो, गम्भीर अपराधहरूको अनुसन्धान र अभियोजन गर्ने कार्यमा सरकार निरन्तर असफल रहेको छ । दोश्रो, मानव अधिकार सम्बन्धी सरोकारमा आधारित रहि आफ्ना सेना तथा प्रहरीका अधिकारीहरूलाई सरकारले भेटिङ्ग (vetting) प्रक्रिया अन्तर्गत मानव अधिकार सम्बन्धी मापदण्ड पुरा गर्दैन भन्ने कुरा प्रत्यक्षत: स्पष्ट छ । दण्डहीनताका यी दुवै स्वरूप गम्भीर रहेका मात्र नभै नेपाली इतिहास तथा विस्तृत शान्ति सम्झौता अन्तर्गतको न्यायको चाहनाका दृष्टिकोणले समेत ती निराशाजनक रहेका देखिन्छन् ।”

सञ्चार माध्यमका पछिल्ला प्रतिवेदन अनुसार प्रधानमन्त्री माधव कुमार नेपालले फौजदारी दायित्व सम्बन्धी आरोपित कसूर भावी सत्य निरूपण तथा मेलमिलाप आयोगद्वारा सम्बोधन हुने विषय हो भनि महासेनानी बस्नेतको पदावधी थप्ने नेपाल सरकारको निर्णयको प्रतिरक्षा गर्ने काम गर्नुभएको छ । बेपत्ता आयोग सम्बन्धी विधेयकका साथै सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक समेत हाल संसदमा विचाराधिन छन् । ती दुवै विधेयकहरूले गम्भीर अपराधका सबुदप्रमाण उजागर भैसकेको अवस्थामा अभियोजन गनुपर्ने कुरामा विचार पुऱ्याउन महान्यायाधिवक्तालाई निर्देश गरेका छन् ।

अपराधका सबुद-प्रमाण उजागर भैसकेको अवस्थामा जुनसुकै परिस्थिति विद्यमान रहेपनि तत्काल र स्वतन्त्र अनुसन्धानको सञ्चालन गरिनुपर्दछ भन्ने कुरा नेपाली तथा अन्तर्राष्ट्रिय कानुन दुवैले निर्देशित गरेका कुरा हुन् भन्नेमा आईसिजे यहाँ जोड दिन चाहन्छ । सत्य निरूपण तथा मेलमिलाप आयोग अथवा अन्य कुनै भावी छानबिन आयोगलाई न्याय निरूपणमा ढिलाई पुऱ्याउने माध्यमका रूपमा कहिल्यै पनि प्रयोग गर्न सकिदैंन । न त सत्य निरूपण तथा मेलमिलाप आयोगले व्यक्तिगत स्तरमा दोषी करार गर्ने अथवा निर्दोषिता निर्धारण गर्ने फौजदारी न्यायप्रणालीको भूमिकालाई नै हत्याउन सक्दछ जुन् वास्तवमा स्वतन्त्र एवम् सक्षम न्यायपालिकाको विशिष्ट क्षेत्राधिकारभित्र पर्ने कुरा हो ।
“भैरवनाथ गणको विषयमा सर्वोच्च अदालतको जुन २००७ को निष्कर्ष र ठहरले यस घटनाका सम्बन्धमा तत्काल र अविलम्ब अनुसन्धान र अभियोजन गर्नुपर्ने कुराका लागि सरकारलाई बाध्य तुल्याएको छ,” मेकक्रे भन्नुहुन्छ । “महासेनानी बस्नेतको पदावधि थप्ने कार्य मार्फत्, उस्तै घटनाका लागि जसरी पहिले महारथी तोरण सिंहको पदोन्नती गरिएको थियो, सरकारले कानुनको शासनको अवज्ञा तथा मानव अधिकारको संरक्षणमा उदासिनताालाई इंगित गर्न खोजेको देखिन्छ,” उहाँको निष्कर्ष रहेको छ ।

भैरवनाथ गणको आरोपित कसूर, मैना सुनुवारलाई बेपत्ता पारिएको, यातना दिइएको तथा गैर-न्यायिक हत्या गरिएको घटना, तथा अर्जुन लामा र रामहरि श्रेष्ठलाई माओवादी दलका सदस्यहरूले हत्या गरेका भन्ने आरोपित कसूर लगायतका गम्भीर अपराधहरू, जसका सबुदप्रमाण पहिल्यै नै विद्यमान रहेका छन्, त्यस्ता प्रतिनिधिमूलक घटनाहरूमा अनुसन्धान र अभियोजन गर्नुपर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागलाई सम्बोधन गनुपर्ने कार्यमा देखिएको सरकारी अनिच्छुकताको आईसिजे भर्त्सना गर्दछ ।

“ती गम्भीर अपराधहरूको तत्काल अनुसन्धान र अभियोजन गर्न एवम् सेना तथा प्रहरी अधिकारीहरूको नियुक्ति, पदोन्नती, तथा पदावधी थप्ने प्रक्रियामा मानव अधिकारमा मापदण्ड अवलम्बन गर्न हामी सरकारलाई आव्हान गर्दछौं,” एशिया प्रशान्त निर्देशक रोजर नरम्याण्ड भन्नुहुन्छ ।

थप जानकारीका लागि सम्पर्क : डगलस मेकक्के, आईसिजे-नेपाल ००९७७ ९८४९६५६७८१